सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
CDS and Clearing Ltd

पत्र संख्या : २०७९/८० — ९९
चलानी नं. : १०६४

## गाभ्ने गाभिने प्रक्रिया सम्पन्न गरि एकीकृत कारोबार सञ्चालन गरेका कम्पनीको लागतको भारित औसत गणना सम्बन्धमा !!

गाभ्ने गाभिने प्रक्रिया सम्पन्न भए पश्चात् एकीकृत कारोबार सञ्चालन गरेका कम्पनीका शेयरधनीले आफ्नो स्वामित्वमा रहेको धितोपत्र विक्री गर्दा हुने लाभको पुँजीगत लाभकरको सम्बन्धमा आयकर ऐन, २०५८ (आर्थिक ऐन, २०७९ को संशोधन सहित) को दफा ४७(क) को उपदफा ४, ५, ६, ७, ८ र ९ मा देहायबमोजिमको व्यवस्था रहेकोले सोही अनुसार गर्न गराउनु हुन लगानीकर्ता, राफसाफ सदस्य लगायत सम्बन्धित सम्पूर्णलाई सूचित गरिन्छ।

***४७क. व्यवसाय गाभिएको कारणले हुने निःसर्ग सम्बन्धी विशेष व्यवस्थाः*** *(१) बैकिङ्ग तथा वित्तीय व्यवसाय वा बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू आपसमा गाभिएर (मर्जर वा एक्युजिशन) भएमा दफा ५७ को उपदफा (२) को खण्ड (क), (ख), (घ), (ङ), (च) र (छ) तथा सोही दफाको उपदफा (३) को व्यवस्था लागू हुने छैन। तर, गाभिएर अस्तित्वमा नरहेको निकायको कुनै कट्टी हुन नसकेको नोक्सानी भए त्यस्तो नोक्सानी दामासाहीले आगामी सात वर्षमा कट्टी गर्नु पर्नेछ। यसरी समान किस्तामा नोक्सानी कट्टी गर्ने निकाय उक्त पूरै नोक्सानी कट्टी नगर्दै पुनः विभाजन भएमा कट्टी भएको नोक्सानी बापत कट्टी भएको रकममा गाभिएको (मर्जर वा एक्युजिशन) आर्थिक वर्षमा कायम रहेको करको दरले कर तिर्नु पर्नेछ।*

.....................

*(४) उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायमा कायम रहेका शेयरधनीहरूले आफ्नो शेयर गाभिएको दुई वर्षभित्र आफ्नो शेयर बिक्रीको माध्यमबाट निःसर्ग गरेमा त्यसरी निःसर्ग भएको शेयरमा भएको लाभमा पुँजीगत लाभ कर लाग्ने छैन।*

*(५) उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायले गाभिएको मितिले दुई वर्षभित्र गाभिएको अवस्थामा कायम रहेको शेयरधनीलाई वितरण गरेको लाभांशमा कर लाग्ने छैन।*

*(६) उपदफा (१) अनुसार गाभिई निःसर्ग हुन चाहने एकै वर्गका निकायले सम्वत् २०७९ साल असार मसान्तभित्र गाभिने आशयपत्र आन्तरिक राजस्व विभागमा दिनु पर्नेछ।*

*(७) उपदफा (१) बमोजिम गाभिनको लागि उपदफा (६) बमोजिम आशयपत्र दिने निकायहरूले गाभिने प्रक्रिया सम्वत् २०८० साल असार मसान्तभित्र पूरा गर्नु पर्नेछ।*

*(८) यो दफा प्रारम्भ भएपछि एक आपसमा गाभिई यस दफा बमोजिमको सुविधा उपयोग नगरेका निकायले समेत यसै बमोजिमको सुविधा उपयोग गर्न पाउनेछन्।*

*(९) उपदफा (६) मा तोकिएको अवधिभित्र आशयपत्र नदिने निकाय तथा उपदफा (७) मा उल्लेख भएको मितिसम्म गाभिने प्रक्रिया पूरा नगरेको निकायको हकमा यो दफाको व्यवस्था लागू भएको मानिने छैन।*

साथै, मेरो शेयर प्रयोगकर्ताले पुँजीगत लाभकर गणनाका लागि आफ्नो लागतको भारित औसत, धितोपत्रको स्वामित्व अवधि, गाभिएको कारणले हुने पुँजीगत लाभकर छुट लगायतका विवरण प्रविष्टि गर्दा ऐनले व्यवस्था गरेको प्रावधान अनुरूप नै गर्नुहुन अनुरोध गर्दै कर गणना प्रयोजनका लागि आफ्नो वास्तविक विवरण राख्नु हरेक नागरिकको कानुनी दायित्व तथा कर्तव्य रहेको समेत स्पष्ट गराउँदछौं।

मितिः- २०७९।१०।१८

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4260386/4216068/4260783, Fax: +977-1-4240357
Email: info@cdsc.com.np, Website: www.cdsc.com.np